म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक १०३ शनिबार, १३ मंसिर २०८२ ने. सं. ११४६ कछलागा 29 November 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## मोटरसाइकलको ठक्करबाट पैदलयात्रीको मृत्यु

हेटौंडा, १२ मंसिर/पूर्वपश्चिम राजमार्गअन्तर्गत हेटौंडा-४ कर्राचोकमा मोटरसाइकलको ठक्करबाट पैदलयात्रीको मृत्यु भएको छ ।

पशुपतिनगरबाट हेटौंडा बजारतर्फ आउँदै गरेको ना३८प ५८५० नम्बरको मोटरसाइकलले गएराति ठक्कर दिँदा पैदलयात्री पर्साको वीरगञ्ज महानगरपालिका-१६ नागुवा घरभई हेटौंडा-१० मा डेरागरी बस्ने ५५ वर्षीया खुइली डोमको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायवउपरीक्षक पुष्कर बोगटीले जानकारी दिए । मोटरसाइकलको ठक्करबाट गम्भीर घाइते डोमको उपचारको क्रममा हेटौंडा अस्पतालमा मृत्यु भएको हो । ठक्कर दिने मोटरसाइकल र चालकलाई नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

### वाणिज्यतर्फ सबैभन्दा धेरै काठमाडौंमा दुई सय ६६ र कम रसुवामा पाँचवटा फर्म दर्ता

# बागमती प्रदेशमा १८ सय नयाँ उद्योग दर्ता

मनिल महतो

हेटौंडा, १२ मंसिर/वैदेशिक रोजगारीमा जाने युवाको लर्को बढिरहँदा पनि बागमती प्रदेशमा आर्थिक वर्ष २०८२/८३ को पहिलो त्रैमासिकमा एक हजार आठ सय २९ वटा नयाँ उद्योग दर्ता भएका छन् ।




प्रदेशको उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयका अनुसार अधिकांश उद्योग काठमाडौं, भक्तपुर, ललितपुर, चितवन, मकवानपुर र काभ्रेमा केन्द्रित रहेका छन् । मन्त्रालयका सूचना अधिकारी सुनिल बञ्जाराका अनुसार यस अवधिमा काठमाडौं जिल्लामा सर्वाधिक ६ सय ७२ वटा उद्योग दर्ता भएका छन् । काठमाडौंपछि नुवाकोटमा धेरै उद्योग दर्ता भएका छन् । उनले नुवाकोटमा मात्रै दुई सय २८ नयाँ उद्योग दर्ता भएको जानकारी दिए । यस्तै, प्रदेशको राजधानी रहेको मकवानपुरमा एकसय २३ वटा उद्योग दर्ता भएका छन् भने काभ्रेमा दुई सय १०, ललितपुरमा एक सय ६९ र भक्तपुरमा ९४ उद्योग दर्ता भएका छन् ।

यसैगरी चितवनमा ८९, सिन्धुलीमा ५७, रामेछापमा ३२, दोलखामा ३९, सिन्धुपाल्चोकमा २७, रसुवामा १२, नुवाकोटमा दुई सय २८ र धादिङमा ७६ उद्योग पछिल्ला तीन महिनामा दर्ता भएका सूचना अधिकारी बञ्जाराले जानकारी दिएका छन् । मन्त्रालयका तथ्यांक अनुसार आर्थिक वर्ष २०८२/८३ को प्रथम त्रैमासिकमा वाणिज्यतर्फ मात्रै कुल आठ सय ३८ वटा उद्योग दर्ता भएका छन् । वाणिज्यतर्फ पनि सबैभन्दा धेरै काठमाडौं जिल्लामा दुई सय ६६ वटा उद्योग दर्ता भएका छन् भने सबैभन्दा कम रसुवामा पाँचवटा दर्ता भएका छन् । मकवानपुर, ललितपुर, भक्तपुर, चितवन, काभ्रे, सिन्धुली, सिन्धुपाल्चोक, रामेछाप, धादिङ, नुवाकोट र दोलखामा क्रमश: एक सय नौ, ४०, ६१, एक सय दुई, ९७, ५२, १६, १०, २० र ४६ वटा नयाँ उद्योग दर्ता भएका छन् ।

**सात करोड २४ लाख राजस्व संकलन**

बागमतीमा चालू आर्थिक वर्षको २०८२/८३ को तीन महिनाको अवधिमा नयाँ उद्योग, दर्ता, बन्द, संशोधनलगायतबाट कुल सात करोड २३ लाख ७० हजार रुपैयाँ राजस्व संकलन भएको उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय बागमतीका अधिकृत रमेश पौडेलले जानकारी दिए । जसमा सबैभन्दा धेरै काठमाडौंका उद्योगबाट दुई करोड ५७ लाख ५० हजार १२ रुपैयाँ राजस्व संकलन भएको छ ।

मकवानपुरमा ५८ लाख ५५ हजार एक सय २५, चितवनमा ८४ लाख ३४ हजार सात सय ७५, ललितपुरमा ७७ लाख २३ हजार नौ सय ६९, काभ्रेमा ६० लाख ५६ हजार नौ सय, भक्तपुरमा ३९ लाख ९८ हजार एक सय ५५, नुवाकोटमा ३४ लाख ९६ हजार ४ सय २५, धादिङमा ३० लाख १३ हजार ४१, सिन्धुलीमा १८ लाख ९० हजार २१० रुपैयाँ राजस्व संकलन भएको हो ।

सिन्धुपाल्चोकमा १७ लाख ६७ हजार चार सय २५, दोलखामा १६ लाख ३७ हजार आठ सय २५, रामेछापमा १२ लाख ४६ हजार ६ सय ५०, दोलखामा १६ लाख ३७ हजार आठ सय २५ र र सुवामा चार लाख ८४ हजार ३७ रुपैयाँ राजस्व संकलन भएको पौडेलले जानकारी दिए । यसअवधिमा उद्योग तथा वाणिज्यबाट भएको बजार अनुगमनबाट नियमविपरीत सञ्चालन भएका उद्योग तथा फर्मलाई कुल १२ लाख १३ हजार जरिवाना लगाइएको छ । प्रदेशमा दर्ता भएका प्रमुख उद्योगमा कपडाका सामान, जीवजन्तुको आहार, छालाका जुत्ता, ऊनको तयारी पोसाक, सुतीको तयारी पोसाक, गलैंचा, पश्मिना, फेल्टका सजावटका सामान, चाउचाउ, पेयपदार्थ, बिस्कुट, इँटा, औषधि र सिमेन्ट उद्योग रहेका छन् ।

बागमती प्रदेशमा गत आर्थिक वर्ष २०८१/८२ मा औद्योगिक गतिविधि सकारात्मक देखिएको नेपाल राष्ट्र बैंकले गरेको अध्ययनले देखाएको छ । गत साता मात्रै नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको बागमती प्रदेशको आर्थिक वर्ष २०८१/८२ को आर्थिक गतिविधि अध्ययनको वार्षिक प्रतिवेदनअनुसार २०८१ साउनदेखि २०८२ को असार सम्मको अवधिमा प्रदेशमा उद्योग दर्ता, राजस्व संकलनलगायत अन्य औद्योगिक गतिविधि सकारात्मक देखिएको हो । प्रतिवेदनअनुसार अघिल्लो आर्थिक वर्षमा उद्योगले कुल ७१ अर्ब ९७ करोड रुपैयाँ बराबरको पुँजी प्रस्ताव गरेका छन् भने २४ हजार ९३ जनालाई प्रत्यक्ष रोजगारी प्रदान गर्ने अपेक्षा गरिएको छ ।

# निर्वाचन सुरक्षाको जिम्मेवारी पूरा गर्न सेनालाई प्रधानमन्त्रीको निर्देशन



साझाकुरा संवाददाता

हेटौंडा, १२ मंसिर/प्रधानमन्त्री सुशीला कार्कीले मुलुकमा शान्तिसुरक्षा बहाल गराई आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचन सफलतापूर्वक सम्पन गर्ने काममा नेपाली सेनाको महत्वपूर्ण भूमिका रहेको बताएकी छिन् ।

भद्रकालीस्थित नेपाली सेनाको मुख्यालयको निरीक्षणका क्रममा प्रधानमन्त्री कार्कीले सरकारलाई प्राप्त जिम्मेवारी बमोजिम शान्तिसुरक्षाको प्रत्याभूति सहित घोषित मितिमा स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गरी राष्ट्रिय अभिभारा पूरा गर्ने अभियानमा सेनाको प्रमुख भूमिका रहेको स्पष्ट पारिन् । गौरवमय इतिहास भएको नेपाली सेनाले निर्वाचन सुरक्षाका क्रममा यसअघि जस्तै प्राप्त जिम्मेवारी सफलतापूर्वक पूरा गर्ने उनले विश्वास व्यक्त गरिन् । 'जनतालाई सुरक्षाको प्रत्याभूति दिन, प्रहरी कारबाहीलाई सहजीकरण, सहयोग र सुरक्षित गर्न तथा सबै राजनीतिक दलका राजनीतिक गतिविधिलाई बिनाअवरोध सञ्चालन गर्ने वातावरण सिर्जना गर्न स्पष्ट कार्ययोजनासहित अघि बढ्न निर्देशन दिन्छु', प्रधानमन्त्री कार्कीले भनिन् ।

आगामी निर्वाचनका क्रममा नागरिकको ज्यानजाने र घाइते हुने अवस्था आउन नहुनेमा जोड दिँदै प्रधानमन्त्री कार्कीले यसअघिका चुनावको अनुभव र आसन्न चुनावका विविध आयामबाट विश्लेषण गरी सुरक्षा संवेदनशीलताका आधारमा सबै सुरक्षा निकायसँग समन्वय गरी त्रुटिरहित ढंगले काम गर्न निर्देशन दिइन् । प्रधानमन्त्री कार्कीले जेनजी आन्दोलनका क्रममा लुटिएका र हराएका हातहतियारको खोजतलाससहित नियन्त्रणमा लिन प्रहरीलगायत सुरक्षा निकायसँग आवश्यक सहकार्य गर्न, मुलुकमा शान्तिसुरक्षा सुनिश्चित गर्न तथा फरार अपराधी पक्रन खटिएका प्रहरीलाई सहयोग गर्न पनि निर्देशन दिइन् ।

जंगीअड्डा निरीक्षणका क्रममा प्रधानमन्त्री कार्कीले निर्वाचन सुरक्षा तयारीबारे जानकारी लिएकी थिइन् । यसैगरी सेनाले हालको सुरक्षा अवस्था, प्रमुख चुनौती र आगामी योजनाबारे 'ब्रिफिङ' गरेको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ । निर्वाचन सुरक्षामा सेना परिचालनको योजना र ढाँचाबारे पनि प्रस्तुतीकरण दिइएको थियो । कार्यक्रममा गृहमन्त्री ओमप्रकाश अर्याल, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अनिलकुमार सिन्हा, मुख्यसचिव सुमनराज अर्याल, प्रधानसेनापति अशोकराज सिग्देल लगायत विशिष्ट अधिकारीको उपस्थिति थियो ।

# 'ह्याङ तामाङ' को मंसिर २० गते विशेष प्रिमियर शो हुने



साझाकुरा संवाददाता

हेटौंडा, १२ मंसिर/तामाङ समुदायको मौलिक कथा, संस्कृति र जीवनशैलीमा आधारित चलचित्र 'ह्याङ तामाङ' आगामी मङ्सिर २० गते हेटौंडाको ओम्याक्स हलमा बिशेष प्रिमियर शो हुने भएको छ ।

शुक्रबार हेटौंडामा आयोजित पत्रकार सम्मेलनमार्फत निर्माण टोली तथा कलाकारले चलचित्र प्रदर्शनको तयारी पूरा भइसकेको जानकारी दिएका हुन् । पत्रकार सम्मेलनमा चलचित्रका नायक सीताराम गोलेले तामाङ रीतिरिवाज, भाषा, कला र संस्कृतिसँगै पछिल्ला वर्षमा समुदायले भोग्दै आएको समसामयिक राजनीतिक तथा सामाजिक यथार्थलाई समेटेर चलचित्र निर्माण गरिएको बताए । चलचित्रले तामाङ समाजको आत्मा, पहिचान र भावनालाई दर्शकसमक्ष गहिरोसँग प्रस्तुत गर्ने उनको धारणा छ ।

चलचित्रका अर्का नायक जय स्याङ्तानले चलचित्रको छायांकन काठमाडौं, मनाङलगायत क्षेत्रमा गरिएको जानकारी दिए । नायक स्याङ्तानले विभिन्न भौगोलिक र सांस्कृतिक स्थानमा गरिएको छायांकनका कारण चलचित्रले तामाङ जातिको जीवनशैलीलाई अझ प्रामाणिकरुपमा प्रस्तुत गर्न सकेको बताए । निर्माणपक्षका अनुसार चलचित्र निर्माणमा ३५ लाख रुपैयाँ खर्च भएको छ । चलचित्रमा ख्यातीप्राप्त कलाकारको सहभागिता रहेको छ । अभि लामा, अनिता गोले, निर्मला मोक्तान, सुदीप कोप्रा लगायत कलाकारले चलचित्रमा महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।

तामाङ समुदायका चर्चित कलाकारको अभिनय रहेको यस चलचित्रले सांस्कृतिक पक्षलाई मात्र नभई मनोरञ्जन र सामाजिक सन्देशलाई पनि प्राथमिकता दिएको निर्माण टोलीको भनाइ छ । चलचित्रको निर्देशन नीमा लामाले गरेका हुन् भने सहनिर्देशन प्रबल लामाले गरेका छन् । पत्रकार सम्मेलनमा नेपाल पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारी, चलचित्रका कलाकार लगायतको उपस्थिति रहेको थियो ।

# लैङ्गिकहिंसाविरुद्ध थाहामा सचेतनामूलक कार्यक्रम

साझाकुरा संवाददाता

हेटौंडा, १२ मंसिर/मकवानपुरको थाहा नगरपालिकामा लैङ्गिकहिंसाविरुद्धको १६ दिने अभियानको दैनिक कार्ययोजना अनुसार समुदाय-प्रहरी साझेदारी अन्तर्गत सचेतनामूलक कार्यक्रम गरिएको छ ।

थाहानगरको शिखर कोटस्थित विकास घरमा आयोजित कार्यक्रममा वडा नम्बर १ देखि १२ सम्मका महिला वडासदस्य, थाहा नगरकार्यपालिका तथा महिला तथा बालबालिका सेवाकेन्द्रका प्रतिनिधिको सक्रिय उपस्थिति रहेको थियो । इलाका प्रहरी कार्यालय थाहानगर प्रमुख प्रहरीनिरीक्षक रुक्शा बज्राचार्यले 'साइबर क्राइम' तथा अन्य समसामयिक विषयवस्तुमा सहजीकरण गरेकी थिइन् । डिजिटल युगसँगै बढ्दो अनलाइन दुरुपयोग, सामाजिक सञ्जालमा हुने धोका, सुरक्षा उपाय तथा कानुनी व्यवस्थाबारे सहभागीलाई जानकारी गराइएको थियो ।

सहभागीले प्रशिक्षणले समुदायमा लैङ्गिकहिंसा र साइबर अपराधका मुद्दा पहिचान तथा रोकथाममा सहयोग पुग्ने विश्वास व्यक्त गरेका छन् । कार्यक्रम १६ दिने अभियानको प्रभावकारी कार्यान्वयनमा सहयोग पुग्ने उद्देश्यका साथ सफलतापूर्वक सम्पन्न भएको आयोजकले जनाएको छ ।

**कर्मचारी आवश्यकता**

एक प्रतिष्ठित कम्पनीको लागि निम्न अनुसारको कर्मचारी आवश्यकता परेको हुँदा इच्छुकले तुरुन्त सम्पर्क गर्नहोला ।

| पद | आवश्यक संख्या |
|---|---|
| कुक | १ जना |
| बेकरी म्यान | १ जना |

**सम्पर्क नं. ९८५५०७२१०९**

**सम्पूर्ण ब्राण्डका गाडी एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम


**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# जेनेरेटिभ एआई भविष्यमा राक्षसजस्तै बन्न सक्ने चिन्ता




जेनेरेटिभ एआई भविष्यमा मेरी शेलीद्वारा लिखित उपन्यास 'फ्रान्केस्टाइन' को प्रमुख पात्र (राक्षस) जस्तै समस्या बन्न सक्ने संयुक्त राष्ट्रसंघका मानवअधिकार प्रमुखले बताएका छन् । शक्तिशाली विशाल प्रविधि कम्पनीले विश्वमा एआईको प्रयोगलाई बिस्तार गरिसकेका र यसको विकासले मानव अधिकारका विषयलाई छाँयामा पार्न सक्ने उनले बताएका हुन् ।

संयुक्त राष्ट्रसैका मानव अधिकार प्रमुख भोल्कर टर्कले भने, 'जेनेरेटिभ एआईसँग 'ठूलो आशा' छ तर विशुद्ध राजनीतिक वा आर्थिक फाइदाका लागि गरिने हेरफेरले समाजलाई विकृत गर्न र विचलित गर्न सक्छ ।' उनले भने, 'गोपनीयता, राजनीतिक सहभागिता, अभिव्यक्ति स्वतन्त्रताजस्ता धेरै मानवअधिकारमाथि खतरा उत्पन्न हुनसक्ने सम्भावना विद्यमान समयमा नै स्पष्ट अनुभव गर्न थालिएको छ ।'

'उचित सुरक्षा र नियमहरू बिना, एआई प्रणालीहरू आधुनिक समयको 'फ्रान्केस्टाइन' को राक्षसमा परिणत हुने सम्भावना छ,' उनले भने । संयुक्त राष्ट्रसैको मानव अधिकार उच्चायुक्तका अनुसार आजको चेतावनी भोलिको लागि हानिमा परिणत हुन सक्छ र यसले उदीयमान प्रविधिहरूको प्रतिबद्धतालाई कमजोर पार्न सक्छ र अप्रत्याशित परिणामहरू निम्त्याउन सक्छ । यस्तो परिणाम रोक्न सर कारहरूको जिम्मेवारी हो ।

टर्कले जेनेरेटिभ एआई बाहेक कर्पोरेट शक्तिको बढ्दो एकाग्रता र 'सीमित' व्यक्ति वा संस्थामा व्यक्तिगत र कर्पोरेट सम्पत्तिको ठूलो संचय' हुनुबाट उत्पन्न हुनसक्ने खतरालाई पुष्टि पारेको छ । 'केही अवस्थामा यो सम्पूर्ण देशको अर्थतन्त्रभन्दा बढी हुन्छ', उनले भने, 'जब शक्तिलाई कानूनले सीमित गर्दैन, यसले दुरुपयोग र अधीनता निम्त्याउन सक्छ ।'

**जीवनशैली/स्वास्थ्य**

# जाडोमा जोर्नीको दुखाइबाट यसरी बच्न सकिन्छ



चिसो मौसम सुरु भइसकेको छ । यो मौसममा हाम्रो शरीरमा अनेक किसिमका स्वास्थ्य समस्याहरु देखिने गर्छन् । चिसो बढ्दै जाँदा देखिने एउटा स्वास्थ्य समस्या हो जोर्नीमा हुने दुखाइ वा आर्थराइटिस । यो रोगको समस्या भएका व्यक्तिहरूलाई जाडोको मौसम अधिक समस्याको समय हुने गर्छ ।

यस मौसममा जोर्नीहरूको टिस्युहरू फुल्छन्, यसले स्नायुमा दुखाइ कम गर्ने नसामा दबाब सिर्जना हुने र दुखाइको महसुस हुने हुन्छ । आर्थराइटिसका पीडितहरूले जाडोमा जोर्नी र हड्डीमा दुखाइको समस्याबाट जोगिनको लागि निम्न उपायहरु अपनाउन सक्छन् ।

- जाडोमा आर्थराइटिसबाट बच्ने एउटै मात्र उपाय भनेको चिसोमा धेरै नहिँड्नु र न्यानोमा रहनु हो । चिसोका कारण मानव शरीरका हड्डीहरुमा सामान्यतया नोक्सानी भइरहन्छ । त्यसैले दुखाइबाट बच्नको लागि न्यानो कपडा लगाएर बस्नु नै सबैभन्दा सजिलो उपाय हो ।

-जोर्नीमा हुने दुखाइबाट टाढा र हनको लागि भिटामिन डी अत्यावश्यक तत्व हो । यसका लागि अधिकतम बिहानको घाममा बस्नु उपयुक्त हुन्छ । घाममा रहँदा शरीर लाई न्यानो मात्र हुँदैन, शरीरलाई चाहिने भिटामिन डी पनि यसबाट पाउन सकिन्छ । यदि तपाइँ चाहनुहुन्छ भने भिटामिन डी सप्लिमेन्ट पनि लिन सक्नुहुन्छ ।

- जाडोमा मानिसहरू प्राय: हाइड्रेटेड रहन बिर्सन्छन् र शरीरमा पानीको कम तहको कारणले धेरै स्वास्थ्य समस्याहरूको सिर्जना हुन्छ । विशेषगरी शरीरमा दुखाइ आउने जस्ता समस्या देखिन्छ । धेरै पानी पिउँदा शरीर सक्रिय हुन्छ र पीडा कम हुन्छ ।

- जाडो मौसममा घरमै बसिरहनाले मोटोपना बढ्ने सम्भावना पनि हुन्छ । घरमै बस्दा धेरैजसो स्वादिस्ट खाना खाने गरिन्छ । यसले मोटोपना बढाउँछ । अत्यधिक तौलका कारण पनि घुँडा र खुट्टामा अनेक किसिमको समस्या देखिन सक्छ । त्यसो त चिसो मौसममा बिहान व्यायाम गर्नु पनि त्यति फाइदाजनक भने हुँदैन । तर यसको अर्थ सक्रिय नै नहुने भन्ने भने होइन । यो समयमा सामान्य किसिमको व्यायाम आवश्यक हुन्छ ।

-आर्थराइटिसका पीडितहरूलाई तातो पानीले नुहाउनु धेरै उपयोगी हुन्छ ।

- माछाको तेलमा ओमेगा ३ फ्याट्टी एसिडहरू आवश्यक हुन्छ । यो हड्डीसम्बन्धी समस्या भएका व्यक्तिहरूका लागि धेरै उपयोगी कुरा हो । यसले सूजनको स्तर कम गर्छ । शरीरको मालिश गर्दा संयुक्त र मांसपेशी दुखाइ कम गर्न मद्दत गर्छ ।

# बालबालिकाको व्यवहार तथा मनोवृत्ति



✍सरोज पुडासैनी
शिक्षक, नवोदय शिशु सदन

तेह्र-चौध वर्ष उमेरका बालबालिका किशोरावस्थामा प्रवेश गर्दै हुन्छन् । यो जीवनको यस्तो चरण हो जहाँ शारीरिक, मानसिक, सामाजिक र भावनात्मक परिवर्तन तीव्र रूपमा देखिन्छन् । शरीर, भावना र सोचमा आउने यस्ता परिवर्तनले उनीहरूको व्यवहार बुझ्न कहिलेकाहीँ कठिन हुन सक्छ । सानातिना कुरामा चिढिनु, आफू गलत बुझियो जस्तो महशुस गर्नु वा आफैँ सधैँ सही ठान्नु जस्ता व्यवहार यस उमेरका सामान्य लक्षणहरू हुन् । यी सबै परिवर्तनहरू स्वभाविक हुन् ।

यस उमेरका बालबालिका कहिले खुसी त कहिले रिसाएको देखिन सक्छन् । यस्तो भावनात्मक उतार-चढाव प्राय: शारीरिक परिवर्तन र हर्मोनको असरका कारण हुन्छ । उनीहरू स्वतन्त्रता खोज्छन् । आफैँ निर्णय लिन, नयाँ कुरा सिक्न र जीवनलाई बुझ्न चाहन्छन् ।

उनीहरू धेरै जिज्ञासु हुन्छन् । जीवन, पढाइ, सम्बन्ध र भविष्यबारे प्रश्रुन सोध्ने, खोज, अनुसन्धान गर्ने र नयाँ कुरा सिक्ने चाहना तीव्र हुन्छ। साथीहरूको प्रभाव पनि निकै बढ्छ । कहिलेकाहीँ उनीहरूले साथीको कुरा अभिभावक वा शिक्षकभन्दा बढी मान्रुन सक्छन् । सानो आलोचना वा टिप्पणीले उनीहरूको मन दुखाउन सक्छ, किनकी उनीहरू आलोचनाप्रति संवेदनशील हुन्छन्। 'म को हुँ ?' 'मलाई के मनपर्छ ?' जस्ता प्रश्रुनहरूले उनीहरू आफ्नो पहिचान खोज्न गर्छन् ।

ध्यान केन्द्रित गर्न कठिनाइ हुनु यस उमेरको अर्को सामान्य विशेषता हो। पढाइ वा कुनै कार्य गर्दै गर्दा ध्यान सजिलै अन्यन्त्र जान सक्छ । उनीहरू आफ्नो देखावट, कपडा र शैलीप्रति पनि धेरै सचेत हुन्छन् ।

**शिक्षक र अभिभावकको भूमिका**

यस उमेरका बालबालिकालाई प्रभावकारी रूपमा सहयोग गर्न शिक्षक र अभिभावक दुवैको संयमता, बुझाइ र सकारात्मक साथ अत्यन्त महत्त्वपूर्ण हुन्छ ।

शिक्षकले कक्षालाई खुला, मैत्रीपूर्ण र सुरक्षित बनाउनुपर्छ ताकि विद्यार्थीले निडर तथा निर्धक्क भएर आफ्नो कुरा राख्न सकुन् । नियमहरू स्पष्ट राखे पनि सहयोगी, सरल र समाधानमुखी व्यवहार अपनाउनुपर्छ । उनीहरूको रुचि, क्षमता र साना सफलताहरू पहिचान गरी प्रशंसा गर्दा उनीहरूको आत्मविश्वास बलियो बन्छ ।

अभिभावकले बालबालिकाको कुरा ध्यानपूर्वक सुन्ने, उनीहरूको भावनालाई सम्मान गर्ने र दैनिक जीवनमा सन्तुलन मिलाउन मद्दत गर्नुपर्छ । साथीको छनोटदेखि समय व्यवस्थापनसम्म सही निर्देशन दिनुपर्छ तर अनावश्यक कडाइभन्दा संवादलाई प्राथमिकता दिनु राम्रो हुन्छ । साना प्रगतिको प्रशंसा गर्दा बालबालिकाले आफू सही मार्गमा रहेको महशुस गर्छन् ।

तेह्र/चौध वर्ष उमेर परिवर्तन र सिकाइको संवेदनशील चरण हो । यस समयमा दिइने सकारात्मक समर्थन, माया र समझदारीले उनीहरूलाई जिम्मेवार, आत्मविश्वासी र दृढ व्यक्तित्व बन्रुनतर्फ अघि बढ्न महत्वपूर्ण भूमिका खेल्छ ।

**साहित्य**

हास्यव्यंग्य

# सागको सुकुटी

✍चूडामणि खनाल

काम्यो लुग्लुग त्यो गरीब बिचरा त्यसमा दया गर्छ को ? 'भीमनिधि तिवारीले यस प्रश्नको उत्तर पाएरै आँखा चिम्लिए कि वा यो प्रश्न अनुत्तरित नै रफयो । यो कुरा मलाई थाहा भएन । मलाई त के मात्र थाहा छ भने भीमनिधिको पालामा जस्तै अहिले पनि काठमाडौं उपत्यकाका सबै गाउँगाउँमा, घर घरमा, जहाँतहाँ- 'छानामा पथमा तथा चहुर मा चिनी छरेझैं थियो' भइरहन्छ । आज बिहानको प्रात:भ्रमणले उनै संवेदनशील भीमनिधि तिवारीलाई सम्झाउनसम्मन् सम्झायो ।

हेमन्तको हिमचिसे ठिहिरो चरमचुलीमा पुगेको अनि घमाउने माघ पनि नलागिसकेको अवस्थामा काठमाडौंका पवित्र तिर्थधाम त्रिवेणी (अर्थात् बल्खूं-वाग्मती-विष्णुमतीको तटमा) टेकुमा दुर्गन्ध स्नान गर्दै रहेछन्, करीब पौने शताब्दी वर्षा बूढा बा । बूढाबा जुन स्थानमा ध्यानमग्न थिए, त्यस ठाउँको खास नामचाहिँ बलेखू हो । त्यसै ठाउँको चक्रपथको पुलमा बूढाबा 'रात्रौ चिबुकसमर्पित जानु:"को शैलीमा घोसे मुन्टो लगाएर बसेका देखिएका छन् ।

घरबुना कपडाको कछाड, त्यसै कपडाको भोटो लगाएर त्यसै कपडाको बर्को ओढेका पिण्ड खानेखाने उमेरका यी बूढाबालाई देखेपछि मेरो प्रात: भ्रमणको दौडाइको गति केही ढिला भयो, मन संवेदनशील भयो र मेरा दुवै पाइतालाहरू अनायासै बूढाबातिर लम्किए र टक्क अडिए । त्यसरी पाइतालाहरू ठप्प हुनुको रहस्य बूढाबाप्रतिको मेरो टीठ र उनले लगाएको घरबुना कपडाले उब्जाएको राष्ट्रियता थियो । मेरो घरेलु उद्योगप्रतिको आत्मीयता थियो । बूढाबा ! घर कहाँ हो? मेरो सम्मानपूर्वकको जिज्ञासा सुनेर उनले धनकुटातिरको कुनै गाउँको नाम लिए । धनकुटाको आवहवाले धेरथोर छोएको नाताले होला मैले बूढाबाप्रति ममताको मात्रा निकै बढाएँ । कुराकानीका क्रममा उनले पनि आफ्नो नाम घाम र कामबारे रिठो नबिर्राईकन भने ।

बूढाको नाम र धामले मेरो ध्यान त्यति खिचेनन्, जति ध्यान उनको कामले खिच्यो । यस ठन्डीमा पनि बूढाबा काठमाडौँमा आउनुको मूल रहस्य के रहेछ भने उनकी प्यारी छोरीलाई ज्यादै मन पर्ने खाद्यवस्तु सागको सुकुटी पुर्याउनु रहेछ । छोरीले हाते फोनमाफ्ॅगरेको आदेश तात्तातै पूरा गर्न उनी आएका रहेछन् । छोरीको माग भुइँमा खस्नासाथ पूरा गर्नुपर्ने बाध्यता बूढाबालाई अहिले पनि उत्तिकै रहेछ । उनी आदेश मान्ने कार्यमा अभ्यस्त भइसकेका रहेछन् ।

मान्छेले आफूलाई दुई किसिमको अवस्थामा सम्पूर्ण नंग्याउँछ र रित्याउँछ । एक उसको अहँ चुलिएको अभिव्यक्ति दिँदा र अर्कोचाहिँ आत्मीयता घिप्लिक्कै भएर पोखिएको वेला । हुन पनि यी यस्ता किसिमका क्षण हुन्-जतिवेला मान्छेले आफ्नो आबरु खुस्किएको पनि थाहा पाउँदैन । अथवा भनूँ -उसलाई कर्तव्य वा अकर्तव्यका बीचको दूरी थाहा नै हुँदैन । बिचरा बूढाबा छोरीको घर नचिनेर त्यहाँ अलपत्र परेका पनि त रहेनछन् नि कुरै कुरामा उनले रहस्य खोले ।

जतिवेला आइपुगे पनि बलेखूकै पुलमा बस्नु, तर घरमा चाहिँ नआउनु नि ! छोरीले हातेफोनमाफ्ॅआदेश गरेकी रहिछन् । छोरीको बर्खिलाप जाने हुतीचाहिँ बूढाबाले हराइसकेका रहेछन्, त्यसैले त उनी खानु र खुट्नु केही नगरीकन पुलको छेउमा अलपत्रिएका रहेछन् । त्यसो त बूढासँग खाद्यवस्तु नभएको पनि कहाँ हो र ? ताजा घिउ र चिनीको पाक पुगेको झुरुम झुरुम चपाइने, मुखै रसाउने पाथीएक सिरौंलाको खट्टे र पाथीपाँचेक खाँटी दूध घोटेर बनाइएको कुराउनी कोट्याएर खाने ह्याउचाहिँ आएनछ । छोरीले दुवाच्यले गाली पो गर्ने हो कि ? भन्ने त्रासले उनी त्रसित भएका रहेछन् बुझ्दै जाँदा बूढाबा खानु न पिउनुसँग बस्नुको रहस्य पनि खुलिहाल्यो ।

कुरै कुरामा बूढाबाले आफूलाई निकै विस्तृत गरे । काठमाडौँमा त खानको भन्दा बढी महत्व लाउनाको हुन्छ रे । यहाँका मान्छेहरूले २००।- मूल्य बराबरको कपडाको सिलाइको ज्याला ५००।- सम्मन् पनि तिर्छन् रे खाएको त कसैले पनि देख्तैनन्, तर लगाएको त सबैले देख्छन् रे भन्ने मन्त्र साना ठूला सबैले जप्छन् रे । त्यसैले खाने लगाउने कला नसिकेका बाले घरमा आएर डिर्स्टब गर्न नहुने भएकाले नै छोरीले उनलाई मलेखूमा नै रोकेकी हुन् रे । यसरी बूढाबाले भित्री रहस्य खोल्दै गएपछि चित्त दुखाएर पिन्चे स्वरले भने -मलाई त मेरै छोरीले 'पाखे' मात्र होइन 'खेपा' पनि भन्छे । खेपा भनेको के हो हँ ?

'भित्र छुरु माले, बाहिर बाहिर सुरुवाल आले भन्ने मगर भाषाको आहान भन्दै बूढाबाले भने -आफ्नो दु:खभन्दा छोरीको इज्जत नै ठूलो ह कि ? बूढाबा त गिँदरीको घाँसले हाते भैसी पग्रिएझैँ पग्रिन थाले-पहाडिया खाँटी घिउका तुलनामा शहरमा पाइने घिउको महत्व हुँदैन रे त्यसैले मैले छोरीलाई आफैंले दही मथेर घिउ ल्याइदिएको छु । उनले पोको फुकाए र टम्म घिउ भरिएको काठे ठेकी देखाए । अनदीको चाम्रे भनेपछि छोरी हुरुक्क हुन्छे । त्यसैले माना चारेक अनदीको चामल पनि ल्याएको छु, बूढाबाले आफ्नो रहस्य खोल्दै गए । फतक्क भएर पाक्ने पिँडालुमा मस्यौरा मिसाएको गलमटे तरकारी छोरीलाई औधी मन पर्छ भनेर नै आफूले पिँडालु र मस्यौराको पोको पनि बोकेको कुरा गरे र बूढाले भने- आबरु त सबैको हुन्छ नि !

हाम्रा ज्वाइँले छोरीको रूपसँग बिहे गरेका हुन् रे । हाम्रो कुल त के को कुल हुन्थ्यो रे? 'समानकुलशीलस्य' भन्ने आदर्शको त मनुमहाराज सँगसँगै मृत्यु भएको हो रे । कहाँको राजाराम, कहाँको गने भण्डारी भनेझैँ हामी ज्वाइँ ससुरालीका बीचमा तुलनै हुन सक्तैन रे । शहरिया सुकिला मुकिला ज्वाइँका परिवारसँग हामी पहाडिया भैमालेहरूको उठबस नै मिल्दैन रे हो बाबु? बूढाबाले जिज्ञासामूलक विस्तारित नेत्रले मलाई हेरे ।

लोग्ने पाउनासाथ छोरी बिरानी हुने कुरा थाहा पाएको भए धामा गरीगरी किन पो पढाउँदो हुँ, गाउँघरका ढिकी, जाँतो र हलो जोतारामा रमाउने ज्वाइँसँग छोरीको विवाह भएको भए अहिले मेरो पनि त आबरु रहँदो हो शहरिया ज्वाइँको स्तरको लवाइखवाइ र रहनसहन बुझेका भए यतिखेर बलेखूको तीरमा मुटुछेड सिरेटो खाएर बस्नु पर्थ्यो र ? इत्यादि इत्यादि खालका फदय छुने प्रश्नहरू गरेर बूढाबाले मलाई पो झिज्याए । मैले एसम्यानलेझैँ उनले बोलेका कुरालाई सुनिरहेको भए छोरी र आफ्नो बीचको सम्बन्धलाई पर्दा नै नराखीकन भन्ने उनको सुर थियो । छोरीले आफ्नो लवाइमा, खवाइमा र बोलाइमा गरेको नकारात्मक टिप्पणीले आफूलाई छियाछिया पारेको कुरा भन्ने आँट उनले गरेझैँ लाग्यो । यतिबेला मैले ठाने-अर्काको हुमत सुन्नु पनि त ठीक होइन ।

आफू त प्रात: भ्रमणका निम्ति निस्किएको मान्छे भएकाले धेरै बेरसम्म बूढाबाको गथासो सुन्ने समय पनि थिएन । त्यसैले म आफ्नो बाटो लागेँ । बूढाबाले दिमागभरि नयाँ-नयाँ खरखजना राखिदिएका थिए । मैले पनि त्यसै खजनाका सहराले बाटो काट्न थालेँ । बूढाबाकी सहरिया छोरीलाई गुन्द्रुक पनि चाहिँदो रहेछ । उनलाई ताजा घिउ पनि उत्तिकै मात्रामा पिउनुपर्दो रहेछ । च्यापुमै टाँसिने गरी अनदीको चाम्रे पनि हसुर्नु पर्ने रहेछ । मस्यौरा मिसाएको र थोर-थोरै अमिलो राखेको खरी पिँडालुको तरकारी पनि त छोरीले बिर्सिएकी रहिनछन् । मान्छे सहरिया भए पनि जिब्रो भने उस्तै उस्तै हुँदो र हेछ । कहीँ जिब्राले पनि सहरिया र गाउँले भनेर छुट्याउँछ र ? छोरीका लागि बाबुको बूढो शरीरभन्दा पनि आफ्नै लोग्नेको घरको इज्जत ठूलो लाग्दो रहेछ । अन्यथा सकीनसकी खरखजना बोकेर आएका बूढाबा किन बाटैमा अलपत्र पर्थे त ?

बूढाबा र उनकी छोरीका बीचमा कतिबेपछि भेट भयो वा भएन, भेट भएको भए कतिबेरपछि भयो होला ? आफ्ना बालाई ती छोरीले बलेखूको पुल काट्न दिएर आफ्नो इज्जत फाल्ने सम्भावना नै थिएन । म आफू छुट्टिएपछि ती बाबु र छोरीका बीचमा के के वार्तालाप भए होलान् त्यसबारेमा त मैले केही सोचिनँ, तर त्यतिबेला मेरो मस्तिष्कबाट भीमनिधि तिवारीकै शैलीमा यस्तो पङ्क्ति निस्कियो- 'बूढाबा अहहा परे विपतमा पीडा त बुझ्ने छ को ?


**चित्रकला**




रचना तामाङ । कक्षा-६ । हेटौंडा एकेडेमी




आश्ना श्रेष्ठ। कक्षा-६ । हेटौंडा एकेडेमी



रियासा सिलवाल । कक्षा-६ । हेटौंडा एकेडेमी



आरोही गोतम। कक्षा-७ । हेटौंडा एकेडेमी




# सिजनको पहिलो 'थ्रिलर' मा नायक बनेका बसिर

काठमाडौं/सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपीएल) क्रिकेटमा पछिल्ला दिनहरूमा एकपक्षीय जस्तै नतिजाहरू आइरहेका थिए । अझ भनौं रातिको खेलमा दोस्रो ब्याटिङ गर्ने टिमले खेल जित्छ भन्ने सबैको अनुमानविपरीत नतिजाहरू आइरहेका थिए ।

कर्णाली याक्स र विराटनगर किङ्सबीच भएको शुक्रबारको दोस्रो खेलमा पनि धेरैको अनुमान थियो कर्णालीले पहिले ब्याटिङ गरेर राम्रो योगफल खडा गर्छ अनि डिफेन्ड गर्छ भनेर । तर उक्त अनुमान आधा मात्र मिल्यो, कर्णालीले राम्रो योगफल खडा गर्न त सक्यो तर डिफेन्ड भने गरेन ।

विराटनगरले अन्तिम ओभरको अन्तिम बल बाँकी छँदा खेल जित्यो । दोस्रो सिजनको १६औं खेलमा आएर खेलले 'थ्रीलर'को रूप धारण गर्दा त्यसका नायक बने बाँयाहाते ब्याटर बसिर अहमद, जसले टोलीलाई संघर्षपूर्ण अवस्थाबाट जित दिलाए ।



टस जितेर पहिले ब्याटिङ गरेको कर्णालीले ३ विकेट मात्र गुमाएर १६० रन बनाउँदै विराटनगरलाई १६१ रनको चुनौतीपूर्ण लक्ष्य दिएको थियो । लक्ष्य पछ्याउन आएको विरटनगरको टप अर्डर चल्न नसक्दा दबाबमा आएको थियो जहाँबाट बसिरले संयमित प्रदर्शन गरे र जितको नायक बने ।

कर्णालीले गरेको केही गल्तीहरूको फाइदा उठाउँदै विराटनगरले ५ खेल खेल्दा चौथो जित हासिल गरेको छ र प्लेअफ सम्भावना बलियो बनाएको छ । कर्णालीको पनि ४ खेलमा तेस्रो हार बेहोरेपछि प्लेअफ सम्भावना कठिन बन्न थालेको छ ।

**मैदानमा बसिरको शान**

१६१ रनको लक्ष्य पछ्याउन मैदान छिरेका विराटनगरका ओपनरद्वय लोकेश बम र जर्ज मन्से आजपनि सस्तैमा आउट भए । खेलको दोस्रो ओभरमै मन्से शून्यमा आउट भए भने चौथो ओभरमा लोकेश पनि आउट भए ।

छैटौं ओभरमा साम हिजलेट पनि आउट भएपछि विराटनगर पावरप्लेमा ३५-३ को अवस्थामा थियो । तेस्रो विकेट गएपछि बसिर क्रिजमा आएका थिए । उनले साहिल पटेलसँग मिलेर साझेदारी बनाइरहेका थिए ।

१२औं ओभरमा साहिल आउट भएपछि क्रिजमा आएका मर्चेन्ट डे लाङ पनि सोही ओभरमा आउट भएपछि विराटनगर ६५-५ को अवस्थामा पुग्यो र पूर्णरूपमा दबाबमा आयो । क्रिजमा त्यसपछि नारायण जोशी आए । नारायणसँग मिलेर बसिरले ६९ रनको साझेदारी बनाए । यसक्रममा बसिरले अर्धशतक समेत पूरा गरे । उनले नियमित अन्तरालमा बाउन्ड्री पनि प्रहार गरिरहेका थिए । उनलाई नारायणले पनि साथ दिइरहेका थिए ।

बसिरले १५औं ओभरमा २८ रनमा खेलिरहँदा जीवनदान पनि पाएका थिए । दोस्रो बलमा उनले सिधा ब्याटले खेलेको शटमा बल माथि उठेको थियो । कप्तान सोमपाल मिडअनबाट क्याचका लागि गए । हात लगाए तर क्याच भने भएको थिएन। यो कठिन मौका भएपनि क्याचले खेलको मोमेन्टम शिफ्ट हुन सक्थ्यो ।

१७औं ओभरको दोस्रो बलमा नारायण १२ रन बनाएर खेलिरहँदा सोमपालको बलमा क्याचआउट भएका थिए तर नोबल भएका कारण जीवनदान पाए । त्यसले पनि खेलको मोमेन्टम अझै विराटनगरको पक्षमा ल्याइरहेको थियो ।

१८औं औभरमा नारायण आउट भएपनि अर्धशतक बनाएर क्रिजमा सेट भइसकेका बसिरले खेल जिताएरै छाडे । नारायण आउट भएपछि प्रतिश जिसी आएर एक चौका प्रहार गरेका थिए । प्रतिश १९औं ओभरको चौथो बलमा क्याचआउट भएपछि क्रिजमा आएका सन्दीप लामिछानेले पहिलो बलमै चौका प्रहार गरेर त्यसपछि २ रन लिएपछि अन्तिम ओभरमा १० रन आवश्यक थियो र स्ट्राइकमा थिए बसिर ।

बसिरले नन्दन यादवको पहिलो बलमा २ रन लिए । त्यसपछि १ रन लिएर सन्दीपलाई स्ट्राइक दिए । तेस्रो बलमा सन्दीप मार्फत लेग बाइको २ रन आयो अनि चौथो बलमा सन्दीपले १ रन लिएर बसिरलाई स्ट्राइक दिए ।

पाँचौं बलमा नन्दनको बललाई बसिरले हल्का लेगमा सरेर फ्लिक गरी डिप स्क्वायर लेग बाउन्ड्रीमा छक्का प्रहार गरे र त्यो नै विजयी शट रह्यो । विजयी छक्का प्रहार गरेपछि मैदानलाई ढोगेका बसिरलाई सन्दीपले पनि उत्सव मनाएर साथ दिए ।

यसरी कठिन अवस्थाबाट विराटनगर किङ्सलाई जित दिलाएका बसिर नै प्लेयर अफ द म्याच पनि चुनिएका थिए। खेलपछि कुरा गर्दै उनले टिमलाई जिताउन सक्छु भन्ने विश्वास राखेको र त्यसैअनुसार खेल्दा जित सम्भव भएको बताए ।

'विकेट जाँदा दबाब धेरै थियो तर आफूमा विश्वास राखेर समय लिएँ, पार्टनरसिप बनाए जित्न सकिन्छ भन्ने थियो । एक दुई ठुलो ओभर बनाए जित्न सकिन्छ भन्ने थियो' उनले भने । 'खेल एकदम डीप लैजाने भनेर खेलेको थिएँ, नारायण जोशीलाई पनि आफूमा विश्वास राख्न भनिरहेको थिएँ' उनले थपे । विपक्षी कप्तान सोमपाल कामीले पनि बसिरको इनिङको प्रशंसा गर्दै यस्तो किसिमको खेल जिताउनु राम्रो भएको बताए ।

**कर्णालीको फितलो बलिङ र फिल्डिङ**

कर्णाली याक्सले आजको खेलमा बलिङ र फिल्डिङ पनि फितलो गर्दा १६० रनको योगफल डिफेन्ड गर्न सकेन । दुई युवा स्पीनहरू बिपिन प्रसाद शर्मा र युवराज खत्री प्लेइङ ११ मा भएर पनि एक ओभर पनि गरेनन् ।

त्यस्तै केही महत्वपूर्ण क्याचहरू ड्रप भएका थिए । कप्तान सोमपालले नै बसिरको क्याच ड्रप गरेका थिए । जुन खेल नै गुमाउने गरी महँगो साबित भयो । त्यसअघि साहिल पटेल शून्यमै हुँदा गुल्शन झाले क्याच छाडेका थिए । विकेटकिपर दीपक डुम्रेले बल मिस गर्दा बाइमार्फत चौकाहरू गएका थिए ।

कर्णालीले विदेशी स्पीनर मार्क वाटबाहेक पार्ट टाइम स्पीनर विलियम बोसिस्टो र पवन सर्राफलाई मात्र बलिङ गरायो । बाँकी ओभर नन्दन यादव, कप्तान सोमपाल कामी र गुल्शन झाले गरेका थिए ।

विराटनगरका ब्याटरहरूले निरन्तर पेस बलरलाई अट्याक गरिरहँदा पनि पेस बलरलाई नै धेरै ओभर गराउनु घातक साबित भयो । त्यसमाथि पनि कप्तान सोमपालले विकेट प्राप्त गरेको बल नै नो बल गर्दा त्यसले खेलको मोमेन्टम विराटनगरतर्फ ल्याएको थियो ।

खेलपछि कुरा गर्दै कप्तान सोमपालले धेरै गल्ती हुँदा हार बेहोरेको बताए । 'गल्ती धेरै भयो, क्याचहरू ड्रप भयो, नो बलले गर्दा पनि फरक पर्‍यो । तर त्यो खेलकै एउटा पार्ट हो । ३ खेल बाँकी छ, राम्रो गर्छौं' उनले भने, 'बसिरले एकदम राम्रो खेल्यो, हामीले पनि त्यसमा सहयोग गर्‍यौं।'

**यस्तो छ अंकतालिका**

विराटनगरले आजको जितपछि ५ खेलबाट ८ अंक जोडेको छ र दोस्रो स्थानमा यथावत् छ । कर्णालीको भने ४ खेलमा २ अंक मात्र छ र पाँचौं स्थानमा छ ।

तालिकाको शीर्षस्थानमा आसीन सुदूरपश्चिम रोयल्सको ४ खेलमा ४ जितसहित ८ अंक छ, नेटरनरेटमा विराटनगरभन्दा अघि रहेर । तेस्रो स्थानमा काठमान्डु गोर्खाजको ५ खेलमा ६ अंक छ । काठमान्डुले शुक्रबारकै पहिलो खेलमा चितवन राइनोजलाई हराएको थियो । चितवन ४ खेलमा ४ जितसहित चौथो स्थानमा छ ।

२-२ अंक नै भएका पोखरा एभेन्जर्स र लुम्बिनी लायन्स छैटौं र सातौं स्थानमा छन् भने जनकपुर बोल्ट्स ३ खेलमा अंकविहीन रहँदै पुछारमा छ ।

*(स्रोत: अनलाइनखबर)*

# अष्ट्रेलिया र न्यूजिल्याण्डमा बिक्यो 'पीआर'को प्रदर्शन अधिकार



काठमाडौं/शोभित बस्नेतको निर्देशनमा बनेको नयाँ फिल्म 'पीआर'को विदेशमा माग बढ्न थालेको छ । टिजर र दुईवटा गीतले फिल्मप्रति दर्शकको चासो बढाउँदा विभिन्न देशबाट प्रदर्शन अधिकार खरिदका लागि प्रस्ताव आइरहेको निर्माण पक्षले जनाएको छ । फिल्मको पहिलो चरणमा भने अष्ट्रेलिया र न्यूजिल्याण्डका लागि प्रदर्शन अधिकार बिक्री गरिएको छ ।

दुई देशका लागि मि.श्रेष्ठ प्रोप्राइत्री लिमिटेड तथा श्रेष्ठ फ्यास्लिटी म्यानेज्मेन्ट कम्पनीले फिल्मको प्रदर्शन अधिकार खरिद गरेको हो । यस कम्पनीका सञ्चालक विजेन्द्र श्रेष्ठ हुन् । उनले 'पीआर'ले सामाजिक सन्देश दिने र विदेशमा बस्ने नेपालीले बुझ्नैपर्ने विषय भएकाले दर्शकको माग अनुसार आफूले फिल्म खरिद गरेको बताए ।

मंसिर २६ गतेबाट प्रदर्शन हुन लागेको यस फिल्ममा सुरज पौडेल, विनिता कार्की, दिक्पाल कार्की राजन कुँवर, पूजा चौधरी, आश्मा अधिकारी, विमला खत्री, म्याक्स गणेश बुढाथोकी लगायतको अभिनय रहेको छ । अष्ट्रेलिया निवासी रञ्जित साह र सन्तोष तिवारी प्रस्तुतकर्ता रहेको फिल्ममा लक्ष्मण सापकोटा र प्रदीप दाहाल निर्मातामा छन् ।

फिल्मको प्रदर्शनको चाँजोपाँचो मिलाउन यतिबेला अष्ट्रेलियामा रहेका निर्देशक बस्नेतले फिल्ममा हरेक नेपालीले आफ्नो कथा पाउने दाबी गरेका छन् । उनले भने, 'फिल्ममा दर्शकले रोमान्स, एक्सन, र सामाजिक सन्देशको मिश्रण पाउनेछन् । यो युवाको सपना, संघर्ष र आप्रवासनसँग जोडिएको कथा हो, जसले फरक स्वाद प्रदान गर्नेछ भन्नेमा विश्वास लिएको छु ।'

# मंसिर २० मा लगनगाँठो कस्दै पूजा र युद्ध

काठमाडौं/अभिनेत्री पूजा शर्मा विवाह बन्धनमा बाँधिने भएकी छिन् । यही मंसिर २० गते उनले प्रेमी युद्ध बानियाँसँग लगनगाँठो कस्न लागेकी हुन् । उनीहरूको विवाह भक्तपुरको साँगामा अवस्थित पाँचतारे होटल फर्च्युनमा हुनेछ । विवाह समारोहमा दुई पक्षका सीमित पारिवारिक सदस्य र फिल्मकर्मीको उपस्थिति रहने जनाइएको छ ।

पूजा विगत ६ वर्षदेखि युद्धसँग प्रेम सम्बन्धमा छिन् । फिल्म 'म यस्तो गीत गाउँछु २' रिलिजको बेला उनले आफ्नो प्रेम सम्बन्धबारे खुलासा गरेकी थिइन् । युद्धले औँठी लगाइदिएर पूजालाई प्रेम प्रस्ताव राखेका थिए । उनीहरूले संयुक्त रूपमा ४ करोडभन्दा बढीको लगानीमा ललितपुरको झम्सिखेलमा 'ट्याग' नामक रेस्टुरेन्ट सञ्चालन गर्दै आइरहेका छन् ।



कामको कुरा गर्दा पूजाले दशैंभन्दा अगाडि फिल्म '३६ को आँकडा'को छायांकन सकिएकी थिइन् । उनी चाँडै नयाँ एक्सन फिल्म 'एक्का तीन'मा काम गर्ने तयारीमा छिन् । कुनै बेला सर्वाधिक महंगी अभिनेत्रीको रुपमा परिचित उनी आफ्ना अभिव्यक्तिका कारण प्राय: चर्चा र विवादको केन्द्रमा रहने गरेकी छन् ।

# एक-अर्कामै शंका, लम्बिइरहेको छ कांग्रेस संकट

काठमाडौं/नेपाली कांग्रेसले बिहीबार राती सवा नौ बजेपछि सूचना जारी गरेर शुक्रबारका लागि निर्धारण गरिएको केन्द्रीय कार्यसमिति बैठक स्थगित गर्‍यो । केन्द्रीय कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलद्वारा जारी सूचनामा अर्को बैठक आइतबार दिउँसो २ बजेका तोकिएको उल्लेख थियो । यसअघि पनि २८ असोजबाट सुरु भएको केन्द्रीय कार्यसमिति बैठक पटक-पटक स्थगित भएको थियो । तर, बिहीबार राती बैठक स्थगित गरेलगत्तै कार्यवाहक सभापति पूर्णबहादुर खड्काले एक्स ह्यान्डलमार्फत् बैठक सारिएकोप्रति सार्वजनिक रूपमै माफी मागे ।

'माफ पाऊँ सबैसँग, बैठक सारेकोमा । गाली सबैले मलाई गर्नुस् । जसले गाली गर्न डिजर्भ गर्नुहुन्छ' उनले लेखे, 'जबसम्म सर्वसम्मत निर्णय गर्ने अवस्था बन्दैन, म बैठक सारी रहन्छु म कार्यवाहक रहेसम्म ।' कार्यवाहक सभापति खड्काले एक्समार्फत् घुमाउरो ढंगले महाधिवेशनको विषयमा विवाद गरी रहेकाहरूलाई सहमति जुटाएर आउन सन्देश प्रवाह गर्न खोजेको कतिपय नेता-कार्यकर्ताहरूको बुझाइ छ । कांग्रेस विगत डेढ महिनाभन्दा बढी समयदेखि महाधिवेशनसम्बन्धी विवादको भुमरीमा रूमल्लिएको छ । ३० असोजदेखि एजेन्डामाथि छलफल गरे पनि केन्द्रीय कार्यसमिति बैठक ६ कात्तिकमा महाधिवेनबारे कुनै निर्णयबिनै सम्पन्न भएको थियो ।

बैठकमा महामन्त्री गगन कुमार थापाले आगामी केही दिनभित्र थप छलफल गरेर महाधिवेशनको विषय टुंगो लगाइने जानकारी दिएका थिए । समझदारीमा महाधिवेशनको विषय टुंगो लगाउन नसकिए विधिबाट भए पनि टुंग्याउनुपर्ने उनको भनाइ थियो । 'थप केही दिनभित्र छलफल गरेर समझदारीबाट, नभए कुनै विधिबाट हाम्रो बीचमा बाँकी रहेका विषय टुंग्याउनैपर्छ,' महामन्त्री थापाको भनाइ थियो, 'अर्को बैठकमा अरू बाँकी रहेका विषय टुंग्याउनेगरी पार्टीका कार्यक्रमहरू र अरू थुप्रै विषयहरू त्यही दिन हामी प्रस्तुत गर्छौं ।'

खड्काले ६ कात्तिकको बैठकमा महाधिवेशनबारे विभिन्न तहमा गरिएको अनौपचारिक छलफलले सहमति नजिक पुर्‍याएको बताएका थिए । 'हामीले विभिन्न तहमा अनौपचारिक छलफल गर्‍यौं । अहिलेसम्म यो तरिकाको छलफलले हामीलाई धेरै नजिक पुर्‍याएको छ,' उनले बैठकमा भनेका थिए, 'हामी सर्वसम्मत तरिकामा निर्णय गर्ने अवस्थाको नजिक-नजिक पुगेका छौं ।' महाधिवेशनबारे पार्टीमा देखिएको तीनथरी विवादलाई समझदारीमा टुंग्याउनुपर्ने सोचका साथ आफूले काम गरिरहेको कार्यवाहक सभापति खड्काको भनाइ थियो । 'हामीले लामो समय छलफल गर्‍यौं । छलफलकै क्रममा र छलफल सकिसके पछाडि पनि एउटा समझदारीका साथ निर्णयमा केन्द्रीय समिति पुग्नुपर्छ भन्ने सोचले हामीले काम गर्‍यौं,' उनको भनाइ थियो, 'अहिले पनि गरी नै रहेका छौं ।'

खड्काले केन्द्रीय कार्यसमिति बैठकमा भने झैं महाधिवेशनबारे चुलिएको विवाद समाधानका लागि कांग्रेस नेताहरू प्राय: दिनदिनै सामूहिक र छुट्टाछुट्टै छलफलमा छन् । कांग्रेस सभापति शेरबहादुर देउवासँग शुक्रबार पनि कार्यवाहक सभापति पूर्णबहादुर खड्का, महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्माले छलफल गर्दैछन् ।

देउवासँग बिहीबार साँझ पनि खड्कासँगै महामन्त्रीद्वय थापा र शर्माले छलफल गरेका थिए । छलफल बिना निष्कर्ष टुंगिएको थियो । देउवाले बिहीबार नै संस्थापन पक्षीय शीर्ष नेताहरूसँग पनि पार्टीमा देखिएको विवादबारे छलफल गरेका थिए । कांग्रेसमा आगामी प्रतिनिधि सभा निर्वाचन अगावै महाधिवेशन गर्ने कि निर्वाचन सम्पन्न भएपछि मात्रै गर्ने भन्नेमा विवाद छ । त्यसैगरी १४ औं महाधिवेशनका झण्डै ५४ प्रतिशत प्रतिनिधिहरूले विशेष महाधिवेशनको माग गर्दै पार्टीसमक्ष हस्ताक्षर बुझाएका छन् । महाधिवेशन प्रतिनिधिसभा निर्वाचन अगावै कि पछाडि भन्ने र विशेष महाधिवेशनको पक्षमा रहेका नेताहरूबीच समझदारी जुट्न नसक्दा कांग्रेस अनिर्णयको बन्दी बनेको छ ।

पटक-पटक बैठक स्थगित गरेर शीर्ष तहमा सहमतिका लागि भएका प्रयासका क्रममा संस्थापन पक्ष शर्तसहित १५ औं महाधिवेशनको कार्यतालिका ल्याउन तयार देखिएको थियो । कार्यतालिकाका लागि विशेष महाधिवेशनको माग गर्दै पार्टीमा दर्ता भएको हस्ताक्षर फिर्ता हुनुपर्ने शर्त संस्थापन पक्षको थियो । तर, विशेष महाधिवेशन पक्षधर संस्थापन पक्षको शर्त स्वीकार्न तयार देखिएको छैन । नियमित महाधिवेशन पुसभित्रै भए विशेष महाधिवेशनको माग स्वत: निष्क्रिय हुने उनीहरूको तर्क छ । कांग्रेसको १४औं महाधिवेशनका झण्डै ५४ प्रतिशत प्रतिनिधिले २९ असोजमा कार्यबाहक सभापति पूर्णबहादुर खड्कालाई विशेष महाधिवेशनको लिखित माग बुझाएका थिए ।

विधानअनुसार माग भएको तीन महिनाभित्र महाधिवेशन आह्वान गर्नुपर्छ । विशेष महाधिवेशनको लागि माग गरिएको समयावधि २८ पुसमा सकिन्छ । महामन्त्रीहरू थापा र शर्मा आगामी पुस १६ देखि १९ सम्म नियमित महाधिवेशन हुन नसके विशेष महाधिवेशन गर्नुपर्ने अडानमा छन् । छुट्टै समूहको नेतृत्व गर्दै आएका नेता डा. शेखर कोइराला आगामी पुस मसान्तसम्म नियमित महाधिवेशन हुन नसके विशेषमा जानुपर्ने अभिव्यक्ति दिँदै आएका छन् । उनी हस्ताक्षरमार्फत् नभएर केन्द्रीय कार्यसमितिले विशेषको निर्णय गर्नुपर्ने पक्षमा उभिएका छन् ।

**अब के हुन्छ ?**

कार्यवाहक सभापति खड्का निर्वाचन अगावै महाधिवशेन हुनुपर्ने, निर्वाचन पछाडि हुनुपर्ने र विशेष महाधिवेशनको पक्षमा रहेका नेताहरूबीच समझदारी गराउने प्रयासमा बैठक स्थगित गरेर घनिभूत छलफलमा छन् । छलफलले आकार लिन नसक्दा कतै पार्टी विभाजित त हुने होइन ? यतिबेला कांग्रेसवृत्तमा सबैभन्दा बढी चासोको विषय नै यही बनेको छ । के कांग्रेस विभाजित हुने अवस्थामा पुग्न सक्छ ? विशेष महाधिवेशनको पक्षमा हस्ताक्षर अभियान सञ्चालन गर्ने मध्येका एक गुरूराज घिमिरे भन्छन्, 'अहिलेसम्म त्यो बाटोमा हिँड्ने कुनै पनि परिकल्पना नभए पनि, भोलि विशेषको मागलाई सामान्यीकरण गर्ने, केही पनि भएको छैनजस्तो गरेर नजरअन्दाज गर्ने रवैया निरन्तर जारी राख्नुभयो भने परिस्थितिले कुन मोड लिन्छ त्यो हामीले भन्न सक्दैनौं । र, यसको सम्पूर्ण जिम्मेवार उहाँहरू (संस्थापन पक्ष) नै ठहरिनु हुन्छ, हामी ठहरिदैनौं ।'

महाधिवेशनबारे चर्किएको विवाद समाधानका लागि कार्यवाहक सभापति खड्कासँगै नेताहरूसँगको छलफलमा सक्रिय नेता रमेश लेखक सहमतिका लागि विभिन्न विकल्पमा छलफल भइरहे पनि निष्कर्षमा पुगि नसकेको बताउँछन् । उनले छलफलमा रहेका विकल्पहरूका बारेमा भने केही खुलाएनन् । नेता लेखकले संचारकर्मीसँग भने, 'सहमतिका लागि विभिन्न विकल्पमा छलफल भइरहेको छ । अहिलेसम्म सहमति जुट्न सकिरहेको छैन ।'

स्रोतका अनुसार कांग्रेसमा अहिले सहमतिका लागि छलफलमा रहेका विकल्प दुईवटा छन् । पहिलो- आगामी पुसभित्र महाधिवेशन सम्पन्न गर्ने गरी कार्यतालिका ल्याउने । दोस्रो- आगामी वैशाखमा महाधिवेशनको कार्यतालिका ल्याउने र विशेष महाधिवेशनका लागि प्रक्रिया अघि बढाउने । 'आगामी पुसमा महाधिवेशन गर्ने गरी कार्यतालिका सर्वसम्मत ल्याउने प्रयास पहिलो प्राथमिकता हो,' सभापति देउवा र कार्यवाहक सभापति खड्कासँग छलफलमा रहेका संस्थापन पक्षीय एक नेताले भने, 'अर्को विकल्प भनेको वैशाखको कार्यतालिका ल्याउने र सँगसँगै विशेषको प्रक्रिया पनि अघि बढाउने ।' निर्वाचन अगाडि नियमित महाधिवेशन सम्भव नभएको बताउँदै आएका एक नेताले आफूहरूको पुरानो अडान यथावत रहेको प्रतिक्रिया दिए ।

*(स्रोत: अनलाइनखबर)*

# विदेशमा 'मिरमिरे'को माग: ५ देशमा प्रदर्शन अधिकार बिक्री

काठमाडौं/माघे संक्रान्तिको अवसर पारेर माघ १ गतेदेखि प्रदर्शनमा आउन लागेको फिल्म 'मिरमिरे'को पोस्टर सार्वजनिक भएसँगै विदेशमा यसको माग बढ्न थालेको छ । यससँगै निर्माण पक्षले फिल्मको अन्तर्राष्ट्रिय प्रदर्शन अधिकार बिक्री सुरु गरेको छ । पहिलो चरणमा इजरायल, युएई, कतार, बहराइन, र मलेसियाका लागि फिल्मको प्रदर्शन अधिकार बिक्री गरिएको छ ।

यी ५ देशका लागि आशिष इन्टरटेन्मेन्टले फिल्मको राइट्स खरिद गरेको हो । सो कम्पनीसँग 'जेरी अन टप', 'बलिदान', 'जनै हराएको मान्छे', 'पिताम्बर', 'होस्टेल ३' जस्ता फिल्महरू मध्यपूर्वका देशमा प्रदर्शन गरिसकेको अनुभव छ । 'मिरमिरे'को चर्चा र स्टारकास्टलाई मध्यनजर गर्दै प्रदर्शन अधिकार खरिद गरिएको कम्पनीले जनाएको छ ।



यम शेर्पाको निर्देशनमा बनेको यस फिल्ममा दयाहाङ राई, सिर्जना निङलेखु, प्रकाश सपूत मुख्य भूमिकामा छन् । दयाहाङ र सिर्जनाले यसअघि निर्देशक शेर्पाको पहिलो फिल्म 'कार्साङ'मा श्रीमान्-श्रीमतीको भूमिकामा अभिनय गरेका थिए । 'जारी २'मा पनि उनीहरूको सहकार्य भएको थियो । दयाहाङ र प्रकाशले भने पहिलो पटक एकसाथ काम गरेका हुन् ।

यार्सा फिल्म्सको प्रस्तुति रहेको फिल्ममा माओत्से गुरुङ, छुल्ठिम गुरुङ, भोलाराज सापकोटा, दिविशा पन्त, चिराग श्रेष्ठ, नमनराज गजुरेल, बाल कलाकार शाइसा गौचन लगायतको पनि अभिनय देखन सकिनेछ । यसमा निर्देशक शेर्पा स्वयंको लेखन छ भने आलोक शुक्लाको छायांकन रहेको छ । फिल्ममा निमु शेर्पा, छोङ्बा लामा शेर्पा र आङ्छिरिङ शेर्पा निर्मातामा छन् ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# म्यादी प्रहरीको भर्ना प्रक्रिया सुरु गर्ने तयारी

साझाकुरा संवाददाता

हेटौंडा, १२ मंसिर/ आगामी फागुन २१ मा हुने प्रतिनिधि सभा निर्वाचनका लागि मतदान केन्द्र र निर्वाचन सुरक्षाका लागि म्यादी (अस्थायी) प्रहरीको संख्या यकिन गरी आवश्यक प्रक्रिया सुरु गर्न सम्बद्ध निकाय तयारीमा जुटेका छन् ।

यसअघिको पूर्वानुमान भन्दा नयाँ मतदाता थपभई संख्या बढेकाले एकीकृत निर्वाचन सुरक्षा योजनामा प्रक्षेपित एक लाख ३२ हजार म्यादी प्रहरी बढाउनुपर्ने आवश्यकता देखिएपछि सम्बद्ध निकाय तयारीमा जुटेका हुन् । गृह मन्त्रालयका सहसचिव एवं प्रवक्ता आनन्द काफ्लेले निर्वाचन सुरक्षा योजना कार्यान्वयनका क्रममा नेपाल प्रहरीले म्यादी प्रहरीको भर्ना प्रक्रिया सुरु गर्ने बताए । नयाँ मतदाताको संख्यालाई आंकलन गरेर म्यादी प्रहरीको संख्या बढ्न सक्ने उनले उल्लेख गरे ।




नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता एवं प्रहरी अतिरिक्त महानिरीक्षक अबिनारायण काफ्लेले निर्वाचन आयोगले मतदान केन्द्र यकिन गरेपछि सुरक्षा संवेदनशीलताका आधारमा शीघ्र जिल्ला सुरक्षा समितिमार्फत म्यादी प्रहरीको भर्ना प्रक्रिया प्रारम्भ हुने बताए । उनले एकीकृत सुरक्षा योजना तथा म्यादी प्रहरी छनोटको मापदण्ड प्रदेश र जिल्लास्तरसम्म पुगेकाले थप हुने मतदान केन्द्रका आधारमा जनशक्ति स्पष्ट हुने जानकारी दिए । निर्वाचनका क्रममा ४० दिन खटिने म्यादी प्रहरीले प्रहरी जवानले पाउनेसरह आधारभूत तलब, लत्ताकपडा, यातायात खर्चलगायत सुविधा पाउनेछन् । निर्वाचनका लागि नेपाल प्रहरीले ७१ हजारभन्दा बढी प्रहरी खटाउने तयारी गरेको प्रहरीका केन्द्रीय प्रवक्ता काफ्लेले जानकारी दिए ।

केन्द्रीय सुरक्षा समितिले निर्वाचनभन्दा पूर्व, निर्वाचनको अवधि र निर्वाचनपछि गरी तीन चरणको सुरक्षा योजना बनाएको छ । निर्वाचनका लागि संघीय सरकारको सिफारिसमा राष्ट्रपतिबाट बिहीबार नेपाली सेना परिचालनको स्वीकृति भइसकेको छ । निर्वाचनको पहिलो घेरामा प्रहरी, दोस्रोमा सशस्त्र प्रहरी र तेस्रोमा सेना रहनेछन् भने म्यादी प्रहरीले नेपाल प्रहरीलाई सघाउनेछन् । 'बायोमेट्रिक्स'मार्फत तीन लाख ४४ हजार ९१४ र राष्ट्रिय परिचयपत्रमार्फत् चार लाख ९२ हजार १८० नयाँ मतदाता थपिएका छन् । गत कात्तिक १६ गतेसम्म १८ वर्ष उमेर पूराभएका नयाँ मतदाता मतदान नामावलीमा दर्ता भएसँगै कुल मतदाता एक करोड ८१ लाख ६८ हजार २३ पुगेको छ ।

आयोगले विवरणमा त्रुटि सच्याउन वा उजुरी दिन सकिने समय दिएपछि अन्तिम मतदाता नामावली सार्वजनिक गर्नेछ । २०७९ को प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा एक करोड ७९ लाख ८८ हजार ५७० मतदाता रहेका थिए । त्यसबेला १० हजार ८९२ मतदानस्थलमा २२ हजार २२७ मतदान केन्द्र तथा १४१ अस्थायी मतदान केन्द्र तोकिएका थिए ।

# बागमती गाउँपालिकाको राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता पुसमा

साझाकुरा संवाददाता

हेटौंडा, १२ मंसिर/ बागमती गाउँपालिकाको आयोजनामा स्थानीय तहस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता पुस महिनामा हुने भएको छ ।

गाउँपालिकाको वार्षिक क्यालेण्डरअनुसार आठौं संस्करणको प्रतियोगिता अगामी पुस महिनामा हुन लागेको बागमती गाउँपालिका शिक्षाशाखा प्रतिनिधि प्रमोद राईले जानकारी दिए । प्रतियोगिता पुस ११, १२ र १३ गते हुनेछ । छात्र र छात्राको भलिबल, फटवल, कबडी, दौड, हाइजम्प, लङजम्प, कराँते, तेक्वान्दो र उसु छुट्टाछुट्टै खेलाइनेछ । यो वर्ष फुटबल र उसुलाई राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा पहिलोपटक समावेश गरिएको शिक्षाशाखा प्रतिनिधि राईले बताए ।


स्थानीय सरकार
बागमती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

आधारभूत तह (कक्षा ०-८) तथा माध्यमिक तह (कक्षा ०-१०/०-१२) सञ्चालित विद्यालयका प्रधानाध्यापक तथा स्थानीय तह स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समितिको २०८२ मङ्सिर ०३ गते बसेको संयुक्त बैठकको निर्णयानुसार गाउँपालिकाको वार्षिक शैक्षिक क्यालेण्डर बमोजिम आठौं संस्करणको "बागमती गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता, २०८२" तपसिलको मिति, स्थान र समयमा सञ्चालन गर्ने निर्णय भएकोले उक्त प्रतियोगितामा आधारभूत विद्यालयहरुले तोकिए बमोजिमका माध्यमिक विद्यालयहरुको नेतृत्वमा वा छुट्टाछुट्टै रुपमा खेलाडीहरु सहभागी गराइ दिनुहुन अनुरोध गरिन्छ। साथै प्रतियोगिताको उद्घाटन कार्यक्रममा मार्च पास, पी.टी. प्रदर्शन गराइ दिनु भइ कार्यक्रमको आकर्षण बढाइ दिनुहुन समेत अनुरोध गरिन्छ। यसै पत्रका साथ प्रतियोगिता सम्बन्धी थप जानकारी र खेलाडी फाराम समेत संलग्न गरिएको व्यहोरा अनुरोध छ।

बागमती गाउँपालिकाले शुक्रबार सूचना जारी गरी गाउँपालिकाभित्रका विद्यालयलाई सहभागी हुन आह्वान गरेको छ । प्रतियोगितामा कक्षा ६ देखि १२ सम्म नियमित अध्ययनरत १८ वर्षभन्दा मुनिका विद्यार्थीले मात्र सहभागी हुन पाउनेछन् । भलिबल र कबडीको प्रत्येक टिममा बढीमा ९/९ जना र फुटबलमा १८/१८ जना खेलाडी राख्न पाइनेछ । एथ्लेटिक्सतर्फ एक इभेन्टमा २ जनासम्म खेलाडी सहभागी हुन पाउनेछन् । टिम खेलमा एउटा खेलाडी एक खेलमा मात्रै सहभागी हुन पाउनेछन् । भलिबल र कबडीमा अलग अलग खेलाडीको टिम हुनुपर्नेछ ।

टिम खेलमा एउटा विद्यालयबाट एक टिममात्रै सहभागी हुन पाउनेछ । खेलाडीको बसोबास, यातायातलगायत अन्य खर्च सहभागी विद्यालय स्वयम्ले व्यहोर्नुपर्नेछ । सहभागी खेलाडीले अनिवार्यरुपमा ड्रेसमा खेल खेल्नु पर्ने बताइएको छ । राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका (पाचौं संशोधन) को दफा २ (घ) बमोजिमका खेलाडी तथा अन्तर्राष्ट्रिय स्तरका प्रतियोगिता खेलिसकेका खेलाडी प्रतियोगितामा सहभागी हुन पाउने छैनन् ।

प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने विद्यालयले नगदसहित शिल्ड, पदक र प्रमाणपत्र प्राप्त गर्नेछन् । यसैगरी उत्कृष्ट खेलाडीले ट्रफी र पदक प्राप्त गर्नेछन् । पदक प्राप्त खेलाडी तथा टिमले जिल्लास्तरीय प्रतियोगितामा सहभागी हुन पाउनेछन् । प्रतियोगिताको विजेता टोलीले जिल्लास्तरीय प्रतियोगितामा अनिवार्य भाग लिनु पर्नेछ । प्रतियोगिता बागमती-४, झुरझुरेस्थित सहिदस्मृति रंगशालामा हुनेछ ।

# विदेश जाने श्रमिकको स्वास्थ्य परीक्षण शुल्क बढाइयो, चौतर्फी विरोध

काठमाडौं/तत्कालीन श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले कामका लागि विदेश जाने श्रमिकको स्वास्थ्य परीक्षण शुल्क बढाउने निर्णय गरेका थिए । ८ चैत २०८१ मा भण्डारीले मन्त्रीस्तरीय निर्णय गर्दै स्वास्थ्य परीक्षण शुल्क बढाएर ९ हजार ५ सय रूपैयाँ पुऱ्याउने निर्णय भएको थियो। स्वास्थ्य परीक्षण सेवालाई गुणस्तरीय बनाउन ३४ प्रकारका परीक्षण गर्नुपर्ने र त्यसका लागि उक्त शुल्क निर्धारण भएको थियो।

स्वास्थ्य सेवा परीक्षण दस्तुर निर्धारण गर्दा नेपाल सरकारले तोकेको शुल्कलाई आधार मानी वैदेशिक रोजगारमा जाने कामदार लाई सहुलियत हुनेगरी सबै परीक्षणको प्याकेजमा ९ हजार ५ सय रूपैयाँ कायम गरिएको मन्त्रालयले जनाएको थियो । मन्त्रीस्तरीय सो निर्णय ८ महिनापछि अर्थात् १० मंसिर २०८२ बाट कार्यान्वयमा आएको छ । यसअघि लिइँदै आएको ६ हजार ५ सय रूपैयाँमा ३ हजार रूपैयाँ बढाएर शुल्क कायम गरिएको हो । स्वास्थ्य व्यवसायीहरूले बुधबारदेखि उक्त शुल्कमा स्वास्थ्य परीक्षण थालेका छन् । त्यसका लागि स्वास्थ्य व्यवसायी महासंघ र नेपाल मेडिकल व्यवसायी संघले आफ्ना सदस्य संस्थाहरूलाई बढेको शुल्क कार्यान्वयन गर्न परिपत्र गरेका छन् ।

निर्णय भएको लामो समयसम्म कार्यान्वयनमा नआएको शुल्क एकाएक परिपत्रमार्फत कार्यान्वयनमा आएपछि विवाद उत्पन्न भएको छ । बढेको शुल्क अनुसार स्वास्थ्य परीक्षण गराउन थालेपछि चौतर्फी विरोध सुरु भएको हो । पूर्व स्वास्थ्यमन्त्री तथा नेपाली कांग्रेसका नेता प्रदीप पौडेलले शुल्क वृद्धि कार्यान्वयन नगर्न अनुरोध गरेका छन् । उनले सामाजिक सञ्जालमार्फत शुल्क वृद्धि फिर्ता लिन अनुरोध गरे । त्यस्तै श्रमिकको हकहितमा काम गर्दै आएका संघ संस्था तथा सरोकारवाला निकायबाट समेत यसको विरोध हुन थालेको छ ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले समेत शुल्क वृद्धिको विरोध जनाएको छ । स्वास्थ्य परीक्षणका लागि गरिएको स्वास्थ्य संस्थाहरूको सूचीकृत प्रक्रिया नै शंकास्पद देखिएको र स्वास्थ्य परीक्षण शुल्क वृद्धिले व्यवसायी र श्रमिकका लागि गम्भीर र अकल्पनीय कदम भएको जनाएको छ । स्वास्थ्य व्यवसायीहरूले विगतको शुल्कमा परीक्षण गर्न नसकिने बताउँदै आएका छन् । उक्त निर्णयबारे तत्कालीन मन्त्रिपरिषद् बैठकमै विवाद भएपछि सरकार निर्णय कार्यान्वनबाट पछि हटेको थियो ।

तत्कालीन स्वास्थ्यमन्त्री पौडेलले विमति राख्दै श्रमिकको स्वास्थ्य परीक्षण स्वास्थ्य बीमामार्फत गर्नुपर्ने अडान राखेका थिए । मन्त्रिपरिषद् बैठकमा भएको सामान्य छलफलपछि स्वास्थ्य र श्रम मन्त्रालयबाट थप छलफल गरेर अघि बढ्ने सहमति भएको थियो । सबैलाई स्वास्थ्य बीमामा आबद्ध गराउने र सोही बीमामार्फत परीक्षण गराउनेगरी अघि बढ्न स्वास्थ्य र श्रम मन्त्रालयका अधिकारीहरूबीच गृहकार्य चलेको थियो ।

जसले गर्दा श्रममन्त्रीले गरेको निर्णय कार्यान्वयनमा जानबाट रोकिएको थियो । तर, निर्णय भएको ८ महिनापछि श्रम मन्त्रालयले कार्यान्वयनमा लगेको हो । श्रम मन्त्रालयले ४ मंसिर २०८२ मा १७१ स्वास्थ्य संस्थाको सूचीकरण गरेको थियो । उनीहरूको आवश्यक अनुगमनपछि मन्त्रालयले सूची सार्वजनिक गरेको थियो ।

**स्वास्थ्य र श्रमका फरक फरक प्रतिवेदन :**

श्रमिकको स्वास्थ्य परीक्षण गराउने विषयमा स्वाथ्य र श्रम मन्त्रालयबाट अध्ययन गरिएको थियो । ती दुवै अध्ययनले फरक फरक खालको सुझाव पेश गरेको थियो । स्वास्थ्य मन्त्रालयले गठन गरेको समितिले १२ हजार ३ सय २५ रूपैयाँ पुऱ्याउन सिफारिस गरेको थियो । तर, २०८१ मा गठन गरिएको श्रम मन्त्रालयको विशेषज्ञ समितिले भने श्रमिकलाई स्वास्थ्य बीमा आबद्ध गराएर त्यसैबाट स्वास्थ्य परीक्षण गराउनुपर्ने सिफारिस गरेको थियो ।

स्वास्थ्य संस्था सञ्चालन मापदण्ड, २०७७ को दफा ७९ बमोजिम सेवा शुल्क सम्बन्धी मापदण्ड निर्धारण गर्न २०७८ सालमा तत्कालीन स्वास्थ्य मन्त्रालयका सचिव डा.रोशन पोखरेलको अध्यक्षतामा समिति गठन गरिएको थियो । उक्त समितिले विभिन्न ४६ प्रकारका स्वास्थ्य परीक्षण गर्नुपर्ने र त्यसका लागि १२ हजार ९ सय २५ रूपैयाँ शुल्क निर्धारण गर्न सिफारिस गरेको थियो । त्यसपछि स्वास्थ्य मन्त्रालयले ३२ प्रकारका स्वास्थ्य परीक्षण गर्नुपर्ने र त्यसका लागि १२ हजार ३ सय २५ रूपैयाँ शुल्क निर्धारण गरेको थियो ।

२०७८ सालको समिति सदस्य रहेका तत्कालीन स्वास्थ्य मन्त्रालयका अतिरिक्त सचिव डाक्टर दिपेन्द्ररमण सिंहको संयोजकत्वमा श्रम मन्त्रालयले २०८१ सालमा विशेषज्ञ समिति गठन गरेको थियो । उक्त समितिले स्वास्थ्य परीक्षण नगराई प्रमाणपत्र मात्रै पेश गर्ने, अन्तर्राष्ट्रिय स्तरको स्वास्थ्य परीक्षण मापदण्ड कायम नभएको जनाएको थियो । साथै श्रममन्त्री भण्डारीलाई प्रतिवेदन पेश गर्दै श्रमिकलाई स्वास्थ्य बीमा आबद्ध गराउन र सोही अनुसार स्वास्थ्य परीक्षण गराउने व्यवस्था गर्न सिफारिस गरेको थियो ।

**तत्कालीन मन्त्रिपरिषद्मा भएको थियो छलफल**

सरकारले उक्त सिफारिस अनुसार अघि बढ्नुपर्नेमा शुल्क बढाएर श्रमिकमाथि थप भार पारेको पौडेलको भनाइ छ । तत्कालीन मन्त्रिपरिषद् बैठकमा शुल्क बढाएको विषयमा छलफल भएको र तत्काल कार्यान्वयन गर्नेगरी अघि बढिएको बताए । 'त्यो बेला क्याबिनेटमा पनि कुरा उठेको थियो' पौडेलले भने, 'त्यो समितिले दिएको प्रतिवेदन अनुसार अघि बढ्नुपर्नेमा मैले कुरा राखेको थिएँ ।' प्रतिवेदनमा वैदेशिक रोजगारीमा जानेहरू सबैलाई बीमामा आबद्ध गर्ने र बीमाको माध्यमबाट स्वास्थ्य परीक्षण गराउने भन्ने थियो । बीमा लागु भएको अस्पतालमा स्वास्थ्य परीक्षण गर्नुपर्ने र त्यो शुल्क श्रमिकले तिर्न नपर्ने गरी छलफल भएके थियो ।

'शुल्क बढिसकेपछि मैले त्यो विषय उठाएँ, लागु भएको थिएन,' पौडेलले भने 'तर अहिले त एकाएक त्यो निर्णय लागु गरियो भनेर आयो ।' सरकारले सहजीकरण गर्ने, शुल्क तिर्नु नपर्ने बनाइदिने र परीक्षण पनि राम्रोसँग हुने अवस्थाको निर्माण गर्न सकिने पौडेलको भनाइ छ । तर, अहिले कार्यान्वयनमा ल्याएर श्रमिकमाथि अन्याय गरेर व्यापार गर्न खोजिएको बताए । स्वास्थ्य मन्त्रालय र श्रम मन्त्रालयमा समेत श्रमिकको स्वास्थ्यलाई बीमामा आवद्ध गर्नेबारे छलफल भएको थियो ।

स्वास्थ्य र श्रम मन्त्रालयका प्रतिनिधी बिचमा निरन्तर छलफल भएको थियो । प्रतिवेदनले जे उल्लेख गरेको छ त्यसैलाई लागु गर्ने गरी अगाडि बढ्ने तयारी थियो । पुरानो मन्त्रीले गरेको निर्णय अहिलेको मन्त्रीले कार्यान्वयन गर्न बाध्य नहुने बताउँदै पौडेलले अहिले विभागीय मन्त्री समेत नभएको अवस्थामा कार्यान्वयन लगिएकोमा प्रश्न गरे ।

श्रम मन्त्रालय अन्तर्गत स्वीकृति लिएका ती ल्याबहरूको प्रमाणीकरण स्वास्थ्य मन्त्रालयले गरि दिनुपर्ने भएकाले परीक्षणको स्वीकृति श्रम मन्त्रालयले दिनु उचित नभएको उनको भनाइ छ ।

**सरकारको निर्णय कार्यान्वयनमा गयो : व्यवसायी**

नेपाल स्वास्थ्य व्यवसायी महासंघका महासचिव दाताराम काफ्ले सरकारको निर्णय अनुसार नै सबै व्यवसायी कार्यान्वयनमा गएको बताए । परिपत्र अनुसार नै श्रमिकबाट मेडिकल चार्ज लिने, नेपाल सरकारले तोके बमोजिमको परीक्षण गरेर रिजल्ट दिने कार्य भइरहेको उनको भनाइ छ ।

*(स्रोत: अनलाइनखबर)*

# बागमतीमा क्यान्टिन तथा होटल लक्षित सचेतना

साझाकुरा संवाददाता

हेटौंडा, १२ मंसिर/ बागमती गाउँपालिकामा विद्यालय क्यान्टिन सञ्चालक र स्थानीय होटल व्यवसायी लक्षित खाद्यसुरक्षा तथा स्वच्छतासम्बन्धी सचेतना कार्यक्रम सम्पन्न भएको छ ।

शुक्रबार गाउँपालिकाको विद्यालय र स्थानीय बजारमा उपलब्ध खाद्यसामग्रीको गुणस्तर अभिवृद्धि, स्वच्छता प्रवर्द्धन र उपभोक्ता स्वास्थ्य सुरक्षामा सहयोग पुग्ने अपेक्षासहित कार्यक्रम आयोजना गरिएको हो । कार्यक्रममा गाउँपालिका भित्रका विभिन्न विद्यालयका क्यान्टिन सञ्चालक, कार्यालय सहयोगी, किराना र होटल व्यवसायीको सक्रिय सहभागिता रहेको थियो । सहभागीलाई गुणस्तरीय, सुरक्षित र स्वच्छ खाद्यसामग्री उत्पादन तथा वितरण सम्बन्धी जानकारी दिइएको छ ।

बागमती गाउँपालिका अध्यक्ष सर्केश घलानको प्रमुख आतिथ्यता रहेको कार्यक्रममा बागमती गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत ओमबहादुर दर्जीको बिशिस्ट आतिथ्यता, पंकज दाहाल, सार्थक घिमिरेलगायतका सरोकारवालाको उपस्थिति रहेको थियो । कार्यक्रम खाद्यप्रविधि तथा गुणनियन्त्रण कार्यालय हेटौंडाकी प्रमुख बिमला पोखेलको सभाध्यक्षतामा सम्पन्न भएको हो ।

# एक सातामै प्रतिक्रेट ४० रुपैयाँ बढ्यो अन्डाको भाउ, अझै बढ्ने

काठमाडौं/एक साता नबित्दै अन्डाको भाउ फेरि बढेको छ । नेपाल लेयर्स कुखुरापालक संघले शनिबारदेखि लागु हुने गरी अन्डाको भाउ बढाएको हो ।

संघ अध्यक्ष विनोद पोखरेलले भाउ बढेसँगै एक्सएल अन्डा प्रतिक्रेट ५ सय ६०, ठूलो अन्डा प्रतिक्रेट ५ सय ४५ र मध्यम अन्डा प्रतिक्रेट ५ सय ३० रुपैयाँ पुगेको बताए । अध्यक्ष पोखरेलका अनुसार अघिल्लो दरको तुलनामा प्रतिक्रेटमा ४० रुपैयाँ भाउ बढाइएको हो । यो मूल्यवृद्धि चितवनलाई आधार बनाएर निर्धारण गरिएको हो ।

यसअघि संघले ७ मंसिर देखि लागु हुने गरी एक्सएल अन्डाको भाउ प्रतिक्रेट ५ सय २०, ठूलो अन्डाको ५ सय ५ र मिडियम अन्डाको ४ सय ९० रुपैयाँ तोकेको थियो । नेपाली अन्डाको बजार मूल्यमा हाल देखिएको वृद्धिले किसानहरू उत्पादन लागतमात्र उठाउन सक्ने अवस्थामा पुगेको अध्यक्ष पोखरेलको भनाइ छ ।

उनले भारतीय अन्डा आयातमा कमी र आन्तरिक खपतमा वृद्धिका कारण किसानले राहत महसुस गरेको बताए । 'उत्पादनमा कमी, भारतीय अन्डाको मूल्यवृद्धि, खपतमा वृद्धि, विद्यालय र कलेजहरू खुल्नु र जाडो याममा अन्डा उपभोग बढ्नु पनि यसको मुख्य कारण हो,' उनले भने, अन्डाको मूल्य अझै बढ्ने सम्भावना छ ।'

अध्यक्ष पोखरेलका अनुसार भारतीय अनडाको भाउ एक महिनाअघिको तुलनामा प्रतिक्रेट १ सय ५० रुपैयाँले बढेको छ । पहिले नेपाली अन्डाभन्दा भारतीय अन्डा सस्तो भए पनि अहिले भारतीय अन्डा महँगो भएकाले आयात भएको छैन । जाडो महिनामा अन्डा खपत बढ्ने भएकाले पनि बजारमा माग सिर्जना भएको उनको भनाइ छ ।

हाल नेपालमा दैनिक करिब ४० लाख गोटा अन्डा उत्पादन हुने अनुमान गरिएको छ ।

# फिल्मको निर्माण इजाजतमा रेकर्ड, चौमासिकमा ७० ले पाए अनुमति

काठमाडौं/पछिल्ला वर्षमा स्वदेशी चलचित्र निर्माणमा उत्साहजनक वृद्धि देखिएको छ । आर्थिक वर्ष २०८२/८३ को पहिलो चौमासिक (साउन, भदौ, असोज, कार्तिक महिना) मा ७० चलचित्रले निर्माण इजाजत लिएर नयाँ रेकर्ड स्थापित भएको चलचित्र विकास बोर्डले जनाएको छ । कुनैपनि वर्षको पहिलो चौमासिकमा यति धेरै चलचित्रले इजाजत लिएको यो पहिलोपटक हो । 'यो संख्या नेपाली चलचित्र उद्योगमा बढ्दो चहलपहल, सिर्जनशीलता र नयाँ सम्भावनाको प्रतिविम्ब मानिएको छ' बोर्डले भनेको छ ।

आर्थिक वर्ष २०७८/७९ मा ३६, २०७९/८० मा ४७, २०८०/८१ मा ४७, २०८१/८२ मा ५१ र २०८२/८३मा ७० फिल्मले निर्माण इजाजत लिएका छन् । 'यो तथ्याङ्कले नेपाली चलचित्र उद्योगमा नयाँ उत्साह, लगानी, रोजगारी र सिर्जनशीलताको गतिलाई झनै तीव्र बनाइरहेको देखिन्छ' बोर्डले भनेको छ, 'डिजिटल प्रविधिको पहुँच, निर्माण वातावरणमा सहजता, तरुण चलचित्रकर्मीको सक्रियता र बजार विस्तारले निर्माणको गति बढाएको देखिन्छ ।' स्वदेशी चलचित्रको प्रवर्धन, संरक्षण र दीर्घकालीन विकासका लागि बोर्ड लागिपरेको समेत जनाइएको छ ।

# बिलभन्दा बढीको सामान नियन्त्रणमा

साझाकुरा संवाददाता

हेटौंडा, १२ मंसिर/ मकवानपुर प्रहरीले बिलभन्दा फरक सामानसहित वीरगञ्जबाट हेटौंडा आउँदै गरेको ट्रक नियन्त्रणमा लिएको छ ।




६ लाख अठासी हजार रुपैयाँ बराबरको बिलभन्दा फरक सामान लोड भएको ना.८ ख. २७१९ नं. को ट्रक शुक्रबार नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । प्रहरीचौकी रातोमाटेबाट खटिएको प्रहरी टोलीले हेटौंडा-१५ स्थित रातोमाटे चेकपोष्ट अगाडि सडकमा वीरगञ्जतर्फबाट हेटौंडातर्फ आउँदै गरेको ट्रकलाई जाँच गर्दा ट्रकमा ६ लाख ८८ हजार रुपैयाँ बराबरको बिलभन्दा बढी सामान रहेको पाइएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायवउपरीक्षक पुष्कर बोगटीले जानकारी दिए ।

प्रहरीप्रवक्ता वोगटीका अनुसार ट्रकचालक हेटौंडा-९ का वर्ष २४ को निशान बिकलाई नियन्त्रणमा लिई आवश्यक कारवाही तथा थप अनुसन्धानको लागि राजश्व अनुसन्धान कार्यालय पथलैया बारा पठाइएको छ । यसअघि प्रहरीले ३० लाख बराबरको बिलभन्दा बढी सामान लोड भएको ट्रक नियन्त्रणमा लिएको थियो । प्रहरीचौकी रातोमाटेको प्रहरीटोलीले रातोमाटे चेकपोष्ट अगाडि जाँचगर्ने क्रममा वीरगञ्जबाट नारायणगढ तर्फ जाँदै गरेको ना.३ ख. ५५७६ नं.को ट्रकमा बिलबिजकभन्दा फरक सामान भएको पाइएपछि नियन्त्रणमा लिएको थियो ।

ट्रकचालक पर्साका वर्ष ५२ का झलेन्द्र रायथारु र ट्रक नियन्त्रणमा लिई आवश्यक कारवाही तथा थप अनुसन्धानको लागि राजश्व अनुसन्धान कार्यालय पथलैया बारा पठाइएको प्रहरीको भनाई छ ।

# सडक विस्तारमा बाधक बन्दिन, घर आफैं भत्काउँछु: सुमार्गी



साझाकुरा संवाददाता

हेटौंडा, १२ मंसिर/ नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका संस्थापक अध्यक्ष एवम् मकवानपुर उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष अरुणराज सुमार्गीले हेटौंडाको सडक बिस्तारका क्रममा सडकसीमा २५ गजक्षेत्रमा परेको आफ्नो निजी संरचना आफैं भत्काउने घोषणा गरेका छन् ।

शुक्रबार पत्रकार सम्मेलनको आयोजना गर्दै हेटौंडाको सडक बिस्तारमा आफू बाधक नबन्ने स्पष्ट पारेका हुन् । सडक विस्तार आवश्यक रहेको बताउँदै उनले निजी संरचना आफैं हटाउने प्रतिवद्धता जनाए । तर, राज्यले व्यक्तिको निजी सम्पत्ति प्रयोग गर्दा उपलब्ध गराउनुपर्ने मुआब्जाका विषयमा आफ्नो लडाइँ भने निरन्तर रहने उनले बताए । पहिलोपटक सडक विस्तारसम्बन्धी सूचना सार्वजनिक हुँदा नै आफूले नौ वर्षअघि घर खाली गरिसकेको जानकारी पनि उनले दिए ।

प्रभावित स्थानीयको पक्षमा सदैव उभिन तयार रहेको बताउँदै उनले २५ गजको सडक क्षेत्रमा पर्ने अधिकांश घरधुरीले अझै मुआब्जा नपाएको उल्लेख गरे । राज्यलाई जमिन दिन र घर भत्काउन पनि तयार रहेको बताउँदै राज्यले उधारो भएपनि सहमति गरेर अघि बढ्नुपर्ने सुमार्गीको भनाइ थियो । सडक विस्तार क्षेत्रमै मात्र पाँच हजारभन्दा धेरै व्यवसायी रहेको उल्लेख गर्दै उनले ती व्यवसायीको व्यवस्थापनका लागि उपमहानगरपालिकाले पहल गर्न आवश्यक रहेकोमा जोड दिए । व्यवसायीबाट कर उठाउने तर, व्यवसायीलाई नै अप्ठ्यारो पार्ने गतिविधि नगर्न उनले उपमहानगर पालिकालाई आग्रह गरे ।

मंसिर ५ गते जारी सार्वजनिक सूचनामार्फत रातोमाटेदेखि बुद्धचोक हुँदै राप्ती पुलसम्म तथा बुद्धचोकदेखि सामरी पुलसम्म सडकको मध्यभागबाट दायाँ-बायाँ २५-२५ गज क्षेत्रभित्र पर्ने संरचना १५ दिनभित्र हटाउन सडक डिभिजन कार्यालय हेटौंडाले आग्रह गरेको छ । यसको समयसीमा मंसिर १९ गते सकिदैछ ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना